# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्याः- ५

मितिः- २०८२।०६।३० गते बिहीबार

बैठक प्रारम्भः- विहान ७:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको पाँचौं बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं.वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं.वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्या:- ५

मिति:- २०८२।०६।३० गते बिहीबार

बैठक प्रारम्भ:- विहान ७:०० बजे

<u>प्रस्तावहरु</u>

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. परिपत्र सम्बन्धमा ।

३. औषधी तथा केमिकल खरिद नपुग रकम सम्बन्धमा ।

४. रासायनिक मलको नयाँ मूल्य सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

क. राजिनामा स्वीकृति तथा जिम्मेवारी सम्बन्धमा

ख. सरुवा सिफारिस सम्बन्धमा ।

ग. आर्थिक सहायता सम्बन्धमा ।

घ. राजश्व छुट सम्बन्धमा।

ङ. ठाउँसारी सम्बन्धमा ।

च. वर्षाको कारण अवरुद्ध सडक मर्मत सम्बन्धमा ।

छ. वर्षाको कारण अवरुद्ध कूलो मर्मत सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्याः- ५

मितिः- २०८२।०६।२० गते बिहीबार

बैठक प्रारम्भः- विहान ७:०० बजे

<u>निर्णयहरु</u>

<u>निर्णय नं. १.</u> प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२ असोज ५ गते बसेको चौथों कार्यपालिका बैठकको समिक्षा गर्दा प्रस्ताव नं.३,४,५,६,७ ८ र ९ विविध क, ख, ग, घ, ङ, च, छ, ज, झ,ञ,ट र ठ कार्यान्वयनको चरणमा रहेको र प्रस्ताव नं.२ कार्यान्वयन हुन बाँकी रहेको व्यहोरा कार्यपालिका बैठकमा अवगत गरियो ।

<u>निर्णय नं. २.</u> प्रस्ताव नं. २ उपर छलफल गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८२ असोज ७ गतेको प्रेश विज्ञप्ती, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति च.नं.११३ मिति २०८२ असोज ८ गतेको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धको पत्र साथै जिल्ला प्रशासन कार्यालय संखुवासभाको च.नं. ६३३ मिति २०८२ असोज २२ गतेको निर्णय कार्यान्वयन गर्ने गराउने पत्रहरुको व्यहोरा अवगत गरियो उक्त पत्रमा निर्देशित विषयहरु कार्यान्वयन गर्ने साथै स्थानीय तहको स्वीकृति दरबन्दी बाहेकको अस्थायी,करार तथा ज्यालादारीमा कर्मचारी राख्ने सम्बन्धमा अध्ययन गरि यथासीघ्र निर्णय गर्ने ।

<u>निर्णय नं. ३.</u> प्रस्ताव नं. ३ उपर सम्बन्धमा छलफल गर्दा चैनपुर नगर अस्पतालबाट माग भई आएको औषधी तथा केमिकलहरुको खरिदको प्रक्रिया अगाडी बढाउने उक्त औषधी तथा केमिकल खरिद प्रक्रियामा भुक्तानीको लागि आवश्यक पर्ने रकम अस्पतालबाट नै व्यहोर्ने र अपुग हुन जाने रकम एकिन गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४.</u> प्रस्ताव नं. ४ उपर छलफल गर्दा चैनपुर नगरपालिकामा "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधी,२०८२" अवगत भयो साथै रासायनिक मलको नयाँ बिक्री मूल्य कायम गरिएको व्यहोरा कार्यपालिका बैठकमा जानकारी गरियो।

<u>निर्णय नं. ५.</u> विविध

क. चैनपुर अस्पतालमा कार्यरत मेसु डाक्टर अमिशा घिमिरेले मिति २०८२ असोज ५ गतेबाट लागू हुने गरि राजिनामा पेश गरेको हुँदा निजको राजिनामा स्वीकृत गरि सोही अस्पतालमा कार्यरत डाक्टर नलकिशोर शाहलाई सशर्तको दरवन्दीमा कायम गरि मेसुको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

ख. यस नगरपालिका कृषि विकास शाखामा कार्यरत ना. प्र. स. श्री सविता राईको काम सन्तोषजनक नभएको र कार्यालयमा राखी राख्न उपयुक्त नभएको हुँदा निजलाई स्थानीय सरकारी सेवा ऐन, २०८० को दफा २४(४) बमोजिम अन्यत्र सरुवा गरि दिन मुख्यमन्त्री तथा मन्त्री परिषद् कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

ग. चैनपुर नगरपालिकाको विभिन्न वडाहरुबाट विपद् तथा विविध समस्याहरु भई आर्थिक सहयोगको माग भई आएकोले तपसिल अनुसारको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो

तपसिल

| सि नं. | नाम थर | ठेगाना | विपद् | शीर्षक | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | सिंहदेवी कृषक समूह | चैनपुर ११ | | | ६००००। | जस्ता खरिद |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्याः- ५

मितिः- २०८२।०६।३० गते बिहीबार

बैठक प्रारम्भः- विहान ७:०० बजे

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | कुमारी तामाङ | चैनपुर ६ | मृत्यु | | २००००। | शव ढुवानी |
| ३ | यादव रिजाल | चैनपुर ६ | पहिरो | | ५००००। | विपद् व्यवस्थापन |
| ४ | दिपेन्द्र अधिकारी | चैनपुर ३ | | | १५०००। | अध्ययन सहयोग |

घ. मिल्के जलजले हाइड्रोपावर प्रा.लि. को पाइपलाईन विस्तारको लागि जग्गा खरिदमा राजश्व छुटको निवेदन पेश भएको हुँदा उक्त हाइड्रोपावरलाई जग्गा खरिदको राजश्व छुटका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

ङ. नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको पत्र संख्या ०८२।०८३ च. नं. प्र।३४८७६ मिति २०८२ भाद्र ०८ गतेको पत्र तथा पाँचखपन नगरपालिका नगर कार्यपालिकाको कार्यालयको पत्र संख्या २०८२।०८३ च. नं. १७३ मिति २०८२ असोज ९ गतेको पत्रहरुमा आधारमा श्री चन्दाछा निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि को नाम परिवर्तन र ठाउँसारी सम्बन्धी कार्यको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

च. चैनपुर नगरपालिका वडा नं.-१० खराङ्ग कुवापानी लेवारिङ सडक वर्षाको कारण क्षति भएको हुँदा उक्त सडक मर्मतका लागि विपद् व्यवस्थापन शीर्षकबाट रु.२,००,०००। दुई लाखबाट मर्मत गर्ने निर्णय गरियो ।

छ. चैनपुर नगरपालिका वडा नं.-४ झुत्रे खोला बीचगाउँ सिचाई कूलो वर्षाको कारण क्षति भएको हुँदा विपद् व्यवस्थापन शीर्षकबाट उक्त कूलो मर्मतका लागि रु.३,५९०००। तीन लाख उन्नसाठी हजारबाट मर्मत गर्ने निर्णय गरियो ।

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक विहान १०:४७ बजे यही अन्त्य गरियो।

...धिकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख